मधेश प्रदेश सरकार

भौतिक पूर्वाधार विकास मन्त्रालय,

जनकपुरधाम, धनुषा

## स्तरबृद्धिको लागि निवेदन दर्ता गर्ने सम्बन्धी सूचना

सूचना प्रकाशन मितिः- २०८१।०३।१२

प्रदेश निजामती सेवा ऐन, २०७७ को दफा ४० बमोजिम स्तर वृद्धिको लागि यस भौतिक पूर्वाधार विकास मन्त्रालय र मातहतका कार्यालयहरुमा कार्यरत प्रदेश निजामती सेवाका कर्मचारीहरुले स्तरवृद्धिको लागि निवेदनसाथ देहायका सम्पूर्ण कागजातहरु सहित यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र ईन्जिनियरिङ सेवाको सिभिल समूह, मेकानिकल समूह र जियोलोजि समूहका अधिकृतस्तर छैठौं र आठौं तहमा स्तरवृद्धि हुने योग्यता पुगेका उमेदवारहरुले यस कार्यालयको Website:- www.mopid.p2.gov.np मा उपलब्ध फारम भरी यस मन्त्रालयमा पेस गर्नुहुन सम्बन्धित सवैको जानकारीको लागि स्तरवृद्धि समितिको मिति २०८१।०३।११ गतेको निर्णयानुसार यो सूचना प्रकाशन गरिएको छ।

**देहायः**

- स्तर वृद्धि हुने तह भन्दा एक तह मुनीको पदमा तीन वर्ष सेवा अवधि पुगेको प्रमाण खुल्ने कागजातहरु, (नियुक्ति पत्र, समायोजन पत्र तथा पदस्थापन पत्रको प्रमाणित प्रतिलिपि)
- कम्तिमा तीस कार्यदिनको सेवासँग सम्बन्धित विषयमा सेवाकालिन तालिम प्राप्त गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
- पछिल्लो तीन आ.व. हरुमा कार्यरत रहेको कार्यालयको नाम र ठेगाना।